## निक्षेप सदस्यको अनुमति प्राप्त मर्चेन्ट बैंकर, धितोपत्र दलाल, सूचीकृत संगठित संस्था तथा शेयर रजिष्ट्रार कार्य गर्ने सूचीकृत संगठित संस्थाहरु

धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ७ बमोजिम बोर्डबाट केन्द्रीय निक्षेप व्यवसाय संचालन गर्न अनुमति प्राप्त गरी हाल केन्द्रीय निक्षेप सेवा व्यवसाय संचालन गर्दै आएका संगठित संस्थाहरुले शेयरधनीको हितग्राही खाता (डिम्याट एकाउण्ट) खोल्ने तथा शेयरको रजिष्ट्रारसँग सम्बन्धी कार्य गर्दै आएका संगठित संस्थाहरुले देहाय अनुरुप आफूसँग सम्बन्धित विवरणहरु ढिलोमा ७ दिनभित्र बोर्डमा पेश गर्न सूचित गरिएको ।

१. हालसम्म खोलिएको हितग्राही खाता (डिम्याट एकाउण्ट) को संख्या र खोल्न बाँकी रहेको संख्या ।
२. हालसम्म अभौतिकिरण भएको शेयरको संख्या र गर्न बाँकी रहेको शेयरको संख्या ।
३. शेयरको हस्ताक्षर प्रमाणिकरण, शेयर नामसारी लगायतका बाँकी रहेका कार्यहरु ।
४. बुँदा नं. १,२ र ३ अनुरुपको कार्य सम्पन्न गर्न बाँकी रहनुको कारण ।
५. बुँदा नं. १,२ र ३ मा उल्लिखित बाँकी कार्यहरु सम्पन्न गर्न लाग्ने समय ।
६. हाल धितोपत्र रजिष्ट्रारको सेवा प्रदान गरिरहेका सूचीकृत संगठित संस्थाको नाम तथा संख्या ।